जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday @gmail.com

बर्ष १३ • अंक २१२ • २०८३ जेठ ९ गते शनिवार • 23 May 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## उच्च अदालत जाने मुख्य मार्ग तथा आसपासका सरकारी कार्यालय परिसरमा बृहत् सरसफाइ अभियान सञ्चालन

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ८ जेठ




जनकपुरधामस्थित उच्च अदालत जाने मुख्य मार्ग तथा आसपासका सरकारी कार्यालय परिसरमा बिहीबार बृहत् सरसफाइ अभियान सञ्चालन गरिएको छ। 'संयुक्त सरसफाई चलाऔँ, स्वच्छ-सफा नमूना मार्ग बनाऔँ' भन्ने नारासहित उच्च अदालत जनकपुरको अगुवाइमा अभियान सञ्चालन गरिएको हो।

सरसफाइ गरिएको क्षेत्रमा उच्च अदालतसँगै जिल्ला अदालत, सरकारी वकिलको कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा नेपाल बार एसोसिएसन लगायतका महत्वपूर्ण सरकारी निकाय रहेका छन्।

अभियानमा विभिन्न सरकारी कार्यालयका प्रमुख, कर्मचारी तथा स्थानीय जनप्रतिनिधिहरूको सहभागिता रहेको थियो। जनकपुरधाम उपमहानगरपालिका-४ का वडाध्यक्ष सुरेश झासहित स्थानीय सरोकारवालाहरू पनि अभियानमा सहभागी भएका थिए। उच्च अदालत जनकपुरका कायम मुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवरले दैनिक हजारौँ सेवाग्राही आउने-जाने मार्गलाई स्वच्छ र व्यवस्थित बनाउने उद्देश्यले सरसफाइ अभियान सञ्चालन गरिएको जानकारी दिए।

उनले कार्यालय परिसर मात्र नभई सेवाग्राहीले प्रयोग गर्ने सडक तथा वातावरण सफा राख्नु सबैको साझा दायित्व भएको बताए।

मुख्य न्यायाधीश कुँवरले जनकपुरधाम धार्मिक तथा ऐतिहासिक नगरी भएकाले यहाँका अन्य वडाहरूले पनि यस्ता अभियानबाट प्रेरणा लिनुपर्ने उल्लेख गरे। 'स्वच्छ वातावरणले सेवाग्राहीलाई सहज अनुभूति दिलाउनुका साथै शहरको सकारात्मक सन्देश पनि प्रवाह गर्छ,' उनले भने। अभियान अन्तर्गत सडक किनारमा जम्मा भएको फोहोर संकलन गर्नुका साथै झारपात सफा गर्ने, नाला व्यवस्थापन तथा सार्वजनिक क्षेत्रको सरसफाइ गरिएको सहभागीहरूले बताएका छन्।

## यादवले प्रदेश सभाबाट विश्वासको मत प्राप्त गरे



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ८ जेठ

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेश सभाबाट विश्वासको मत प्राप्त गरेका छन्।

मधेश प्रदेश सभाको सातौं अधिवेशनअन्तर्गत शुक्रबार बसेको बैठकमा भएको मतदानमा उपस्थित १०० जना प्रदेश सभा सदस्यहरूमध्ये मुख्यमन्त्री यादवको पक्षमा ६२ मत परेको छ भने विपक्षमा ३६ मत परेको सभामुख रामअशिष यादवले घोषणा गरेका हुन्। मतदानमा तटस्थ मत भने शून्य रहेको थियो। नेपालको संविधानको धारा १८८ को उपधारा (२) तथा प्रदेश सभा कार्यसञ्चालन नियमावली २०७५ को नियम १४३ को उपनियम (४) बमोजिम उनले विश्वासको मत प्राप्त गरेका हुन्।

हाल मधेश प्रदेश सभामा १०२ सदस्य कायम रहेका छन्। प्रदेश सभामा नेपाली कांग्रेसका २२, नेकपा एमालेका २४, जनमत पार्टीका १२, नेकपाका १५, जसपा नेपालका २६ तथा नागरिक उन्मुक्ति पार्टी, नेपाल सङ्घीय समाजवादी पार्टी र राप्रपाका १-१ जना सांसद रहेका छन्। यसअघि प्रदेश सभामा १०७ सदस्य रहेका थिए।

यसअघि प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले शुक्रबार दिउँसो १ बजे विश्वासको मत लिने निर्णय गरेको थियो। सीके राउत नेतृत्वको जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले पुनः विश्वासको मत लिएका हुन्। विश्वासको मत प्राप्त भएसँगै सरकारलाई निरन्तरता मिलेको छ। सत्ता गठबन्धनले बहुमत सुरक्षित गर्न तीव्र राजनीतिक सक्रियता बढाएको थियो।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence




## सर्पको टोकाइबाट सुरक्षित हुन सावधानी अपनाऔं।

- राति हिँड्दा टर्च/बत्तीको प्रयोग गरौं,
- झाडी, घाँस र ढुंगामुनि हात हाल्दा सावधानी अपनाऔं,
- घर वरिपरि सफा राखौं र सर्प बस्ने ठाउँ हटाऔं,
- खेतबारी वा बगैंचामा काम गर्दा जुत्ता र लामा कपडा लगाऔं,
- प्रभावित अंग कम चल्ने गरी स्थिर राखौं,
- सर्पले टोकेमा झारफुकमा नलागी तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाऔं,
- अस्पतालमा सर्पदंश विरुद्धको उपचार उपलब्ध हुन्छ।

**समयमै उपचार भएमा सर्पदंश निको हुन्छ, ढिलाइ भएमा ज्यान जाने जोखिम बढ्छ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# जनमत पार्टीका संसदीय दलका नेता चन्दन सिंहमाथि प्रदेशसभामा कडा टिप्पणी

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ८ जेठ**

नेकपा एमाले मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादवले जनमत पार्टीका संसदीय दलका नेता चन्दन सिंहमाथि प्रदेशसभामा कडा टिप्पणी गरेका छन्।



मुख्यमन्त्री कृष्णप्रसाद यादवले शुक्रबार लिएको विश्वासको मतमाथिको छलफलका क्रममा जनमत पार्टीका नेता सिंहले नेपाली कांग्रेस-एमाले गठबन्धनलाई 'अप्राकृतिक गठबन्धन' भएको टिप्पणी गरेका थिए। त्यसको जवाफ दिँदै एमाले नेता यादवले जनमत पार्टीलाई लक्षित गर्दै एमाले देशकै ठूलो संघीयतावादी शक्ति भएको दाबी गरे। उनले एमालेमाथि संघीयताको पाठ पढाउन खोज्नु उचित नहुने बताएका हुन्। प्रदेशसभामा बोल्दै उनले 'जेनजी विद्रोह'को प्रसंग उल्लेख गर्दै त्यसबेला एमाले नेतृत्व मात्रै नभई जनमत पार्टीका कार्यालयसमेत असुरक्षित बनेको टिप्पणी गरे। 'जेनजी विद्रोह हुँदा हाम्रो नेतृत्व मात्रै असुरक्षित भएको थिएन, तपाईंहरूको कार्यालयसमेत जलाइएको थियो,' उनले भने, 'त्यसैले एमालेमाथि औंला उठाउँदा आफ्नो वास्तविकता पनि हेर्नुपर्छ।' यादवले जनमत पार्टीप्रति कटाक्ष गर्दै अरूको कमजोरी औंल्याउनुभन्दा पहिले आत्मसमीक्षा गर्न आग्रह गरे। उनले 'आफ्नो आङको भैंसी नदेख्ने, अर्काको आङको जुम्रा देख्ने प्रवृत्ति' त्याग्नुपर्ने बताए।

प्रदेशसभामा कांग्रेस-एमाले गठबन्धन र संघीयताको विषयलाई लिएर सत्ता पक्ष र प्रतिपक्षबीच आरोप-प्रत्यारोप चर्किएको छ।

# कानुनी व्यवस्थाविपरीत वडाध्यक्षलाई कार्यवाहक प्रमुखको जिम्मेवारी

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ८ जेठ**

जनकपुरधामका मेयर मनोजकुमार साहले कानुनी व्यवस्थाविपरीत वडाध्यक्षलाई कार्यवाहक प्रमुखको जिम्मेवारी दिएको भन्दै विवाद उत्पन्न भएको छ। मेयर साहले शुक्रबार वडा नम्बर ९ का वडाध्यक्ष प्रमेश्वर साहलाई कार्यवाहक प्रमुखको जिम्मेवारी दिएका हुन्।



तर, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरप्रमुख सात दिनभन्दा बढी समय अनुपस्थित हुने अवस्थामा उपप्रमुखलाई कार्यभार दिनुपर्ने स्पष्ट व्यवस्था रहेको छ। उपप्रमुख पनि अनुपस्थित भए मात्रै कार्यपालिका सदस्य वा अन्य सदस्यलाई जिम्मेवारी दिन सकिने कानुनी प्रावधान छ। तर, उपमेयर किशोरी साह जनकपुरधाममै सक्रिय रहेकै अवस्थामा मेयरले वडाध्यक्षलाई कार्यवाहक जिम्मेवारी दिएपछि नगरभित्र राजनीतिक तथा प्रशासनिक वृत्तमा चर्चा सुरु भएको छ। मेयर र उपमेयर दुवै जना नेपाली कांग्रेसबाट निर्वाचित हुन्। कार्यवाहक जिम्मेवारी पाएका वडाध्यक्ष प्रमेश्वर साह पनि कांग्रेसकै नेता छन्। उनी मेयर साहका निकटस्थ व्यक्ति रहेको चर्चा नगरभित्र चलिरहेको छ। उपमेयर किशोरी साहले भने आफूलाई कार्यवाहक जिम्मेवारी नदिइएको विषयमा कुनै जानकारी नदिइएको प्रतिक्रिया दिएका छन्।

'म जनकपुरधाममै छु, विभिन्न कार्यक्रममा सहभागी भइरहेको छु। किन जिम्मेवारी दिइएन भन्नेबारे मलाई जानकारी छैन,' उपमेयर साहले भने, 'उहाँहरूको सोच त्यही हो भने अब के गर्ने?' नगरप्रमुखको निर्णयले स्थानीय सरकार सञ्चालन ऐनको मर्ममाथि प्रश्न उठेको भन्दै केही जनप्रतिनिधिले असन्तुष्टि व्यक्त गरेका छन्।

# जनचेतनामूलक कार्यक्रम आयोजना गरी अन्तर्राष्ट्रिय जैविक विविधता दिवस मनाइयो

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ८ जेठ**

नेपालसहित विश्वभर बिहीबार विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गरी अन्तर्राष्ट्रिय जैविक विविधता दिवस मनाइएको छ।



संयुक्त राष्ट्र सङ्घको आह्वानमा प्रत्येक वर्ष मे २२ मा मनाइने यस दिवसले जैविक विविधताको संरक्षण, वातावरणीय सन्तुलन कायम तथा दिगो विकासमा यसको भूमिकाबारे जनचेतना फैलाउने उद्देश्य राखेको छ। दिवसको अवसरमा मधेश प्रदेशको वन तथा वातावरण मन्त्रालयले जनकपुरधामस्थित गोगल प्रसाद नमूना माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ। कार्यक्रममा जैविक विविधताको महत्व, नेपालको जैविक सम्पदा तथा यसको संरक्षणका उपायबारे जानकारी दिइएको थियो। मन्त्रालयका निमित्त सचिव वेचन महतोले विद्यार्थीहरूलाई जैविक विविधता वनजंगलसँग मात्र सम्बन्धित विषय नभई मानव जीवन, कृषि, जलस्रोत तथा वातावरणीय सन्तुलनसँग प्रत्यक्ष जोडिएको विषय भएको बताए। उनले यस्ता कार्यक्रम मार्फत नयाँ पुस्तामा वातावरण संरक्षणप्रति जिम्मेवारीबोध गराउने प्रयास गरिएको उल्लेख गरे। विद्यालयका प्रधानाध्यापक महावीर दासले विद्यालयलाई 'ग्रीन विद्यालय' का रूपमा विकास गर्ने लक्ष्यसहित विभिन्न वातावरणमैत्री गतिविधि सञ्चालन भइरहेको जानकारी दिए।

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रबर्द्धनको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................

## -: अधुरो मिलन :-

*सपना बुनेथैं आकाश छुने, साथ जुनी जुनीलाई,*
*तर भाग्यले अर्कै बाटो रोज्यो, छोडी मलाई रुनलाई।*

***

*मन्दिरमा कसम खाएका थियौं, सँगै मर्ने र बाँच्ने,*
*आज खरानी भयो त्यो प्रेम, सम्झनामा मात्रै नाच्ने।*

***

*रुफूल फुल्नुअघि नै निमोठ्यो, निष्ठुरी यो समयले,*
*हाम्रो कथा अधुरै रह्यो, लेखिएन कसैले।*

***

*तिमी त गयौ अर्केको हुन, म भने यतै हराएँ,*
*आफ्नै मायाको मलामी बनेर, आफैंभित्र डराएँ।*

***

*रुतिमी हाँस्दा मेरो संसार बाँच्थ्यो, आज मौनता छाएको छ,*
*अमृत भनी पिएँ जसलाई, त्यही विष भई आएको छ।*

***

*देउरालीका ती कसमहरू, बताससँगै उडेर गए,*
*मैले सिँचेका खुसीका रङ्ग, आँसु बनि बगेर गए।*

***

*रुजल्दै छ मुटु दियो सरी, न तेल छ न त बाल्ने कोही,*
*भत्कियो भरोसाको पर्खाल, अब छैन नि सम्हाल्ने कोही।*

***

*जिउँदो लास बनी हिँड्नुको पीडा, कसलाई सुनाऊँ म ?*
*तिम्रो यादको चितामा जलि, कसरी खुसी कमाऊँ म ?*

**जिजिबिशा (साबरी)**

## तपाईको टुडे

मेषः अनावश्यक खर्चको संभावना
वृषः आम्दानी हुने
मिथूनः लामो यात्राको योग छ
कर्कटः पिछडेको साथी मिल्न
सिंहः अनावश्यक चिन्ता
कन्याः अशुभ समाचार प्राप्त हुने
तुलाः शुभ कार्यको शुरुवात
वृश्चिकः मनमा पछुतो आउने
धनुः मित्रतामा फाटो आउने
मकरः खानपानमा समस्या आउने
कूम्भः विचार गरेर बोल्नुहोला
मीनः पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्तन सहित हनुमान आराधना)

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# पोल्यान्डमा अमेरिकी सैनिक, नेटो प्रमुखले गरे स्वागत

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ८ जेठ**



उत्तरी एटलान्टिक सन्धि सङ्गठन (नेटो) भित्र युरोपको सुरक्षा रणनीति र अमेरिकी सैन्य उपस्थितिबारे बहस तीव्र भइरहेका बेला नेटो प्रमुखले पोल्यान्डमा थप पाँच हजार अमेरिकी सेना तैनाथ गर्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको घोषणालाई स्वागत गरेका छन् ।

नेटोका महासचिव मार्क रुटले स्विडेनमा गठबन्धनका विदेशमन्त्रीहरूको बैठक सुरु हुनुअघि पत्रकारहरूसँग कुरा गर्दै उक्त निर्णयलाई सकारात्मक रूपमा लिएको बताए ।

उनले सैन्य कमान्डरहरूले तैनाथीसम्बन्धी सबै प्राविधिक विवरणहरूमा काम गरिरहेको जानकारी पनि दिए । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जालमार्फत दिएको घोषणामा पोल्यान्डका राष्ट्रपति कारोल नावरोकीसँगको बलियो सम्बन्धलाई आधार बनाएर पाँच हजार अमेरिकी सेना पोल्यान्ड पठाइने निर्णय गरिएको बताएका छन्। उक्त निर्णयलाई यसअघि अमेरिकी रक्षा मन्त्रालय (पेन्टागन) ले रक्षा बजेट र सैन्य संरचना समीक्षाका क्रममा पोल्यान्ड पठाउन लागिएको ४ हजार सैनिकको टोली रोक्ने भनी गरेको घोषणाको 'यू-टर्न' (उल्टो निर्णय) का रूपमा हेरिएको छ । विश्लेषकहरूका अनुसार यो कदम युरोपमा जारी सुरक्षा तनाव, विशेष गरी इरानसँग सम्बन्धित युद्धपछिको भू-राजनीतिक दबाब र नेटो सहयोगीहरूबीचको रक्षा जिम्मेवारी बाँडफाँटबारे उठिरहेका प्रश्नहरूसँग समेत सम्बन्धित देखिन्छ ।

# एकै छानामुनि सबै ब्रान्ड: किन बन्दै छ सिजी डिजिटल उपभोक्ताको पहिलो रोजाइ ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ८ जेठ**




आजको व्यस्त जीवनशैलीमा इलेक्ट्रोनिक्स तथा होम एप्लायन्सेस खरिदका लागि धेरै पसल धाउनुपर्ने झन्झट उपभोक्ताका लागि ठूलो समस्या बनेको छ। एउटै ब्रान्डका लागि एक ठाउँ, अर्को ब्रान्ड तुलना गर्न अर्को ठाउँ पुग्नुपर्ने बाध्यताले समय मात्र होइन, निर्णय गर्नलाई पनि जटिल बनाइरहेको छ ।

यही समस्याको समाधानका रूपमा चौधरी ग्रुप अन्तर्गत सिजी इलेक्ट्रोनिक्सद्वारा सञ्चालित सिजी डिजिटल ले अर्थात् "एकै छानामुनि सबै ब्रान्ड" को अनुभव प्रदान गर्दै नेपाली बजारमा आफूलाई फरक रूपमा स्थापित गरेको छ । नेपालभर रहेका २८ वटा अत्याधुनिक शोरूममार्फत सिजी डिजिटल र एलजी ब्रान्ड शप ले ग्राहकलाई एउटै स्थानमा विभिन्न अन्तर्राष्ट्रिय तथा लोकप्रिय ब्रान्डका उत्पादनहरू अवलोकन, तुलना र खरिद गर्ने सुविधा उपलब्ध गराउँदै आएका छन् । सिजी डिजिटल मा ग्राहकहरूले एलजी, सिजी, टीसीएल, गोडरेज, माइडिया, क्रम्पटन, बेको, सेन्सेई, केन्ट, एलिका, सिजी मेरिडिया, ब्ल्याक + डेकर र बर्ली जस्ता विश्वसनीय ब्रान्डहरूका साथै नथिङ, मोटोरोला र एआई+ जस्ता मोबाइल ब्रान्डहरू लगायतका उत्पादनहरू एउटै छानामुनि सहज रूपमा पाउन सक्छन् ।

आजका उपभोक्ताहरूले केवल सस्तो मूल्य मात्र होइन गुणस्तरीय, विश्वासिलो र भरपर्दो सेवा खोजिरहेका छन्। बजारमा विकल्प धेरै भए पनि कुन उत्पादन सही हो भन्ने निर्णय लिन ग्राहकलाई चुनौती हुने गरेको छ। सिजी डिजिटल ले यही आवश्यकतालाई ध्यानमा राख्दै ग्राहकहरूलाई आधिकारिक, विश्वसनीय र गुणस्तरीय ब्रान्डहरू उपलब्ध गराउँदै आएको छ। एउटै स्थानमा विभिन्न ब्रान्ड तुलना गर्न सकिने भएकाले ग्राहकले आफ्नो आवश्यकता, बजेट र प्राथमिकता अनुसार सजिलै निर्णय लिन सक्छन् । यसले धेरै पसलहरू धाउनुपर्ने झन्झट हटाउनुका साथै खरिद अनुभवलाई अझ सहज, छिटो र विश्वसनीय बनाएको छ ।

कम्पनीका अनुसार, "हामी केवल उत्पादन बिक्री गर्ने होइन, ग्राहकहरूलाई विश्वसनीय समाधान दिने उद्देश्यका साथ अघि बढिरहेका छौं। एउटै स्थानमा धेरै ब्रान्डका उपकरणहरू उपलब्ध गराएर ग्राहकको समय बचत गर्नु र निर्णय प्रक्रियालाई सजिलो बनाउन खोजिरहेका छौं र यो हाम्रो प्रथम प्राथमिकता हो ।

# महोत्तरीमा एकैदिन ४ बालिकाको डुबेर दर्दनाक मृत्यू, गाउँ शोकमग्न

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ८ जेठ**




जिल्ला प्रहरी कार्यालयका अनुसार आज जिल्लाको मनरासिस्वा नगरपालिका-७ सरपल्लो गाउँको नदीमा तीन बालिका र गौशाला नगरपालिका-४ रजखोर गाउँमा एक बालिकाको डुबेर मृत्यु भएको हो ।

मनरासिस्वा नपा-७ सरपल्लोका वीरेन्द्र भण्डारीकी छोरीहरु १२ वर्षीया स्नेहाकुमारी र छ वर्षीया शिवानीकुमारी तथा अजिज नदाफकी छोरी १२ वर्षीया अफसाना खातुनको डुबेर मृत्यु भएको हो । सरपल्लो गाउँकी तीनै जना बालिका आज दिउँसो अङ्कुशी र जङ्घा नदीको दोभानमा नुहाउन गएका थिए । नुहाउने क्रममा खुट्टा चिप्लेर नदीमा डुबेर मृत्यु भएको हो ।

प्रहरीका अनुसार गौशाला नपा-४ रजखोर गाउँ बस्ने नरेश महतोकी छोरी दुई वर्षीया दीपिका कुमारीको घर नजिकै रहेको खेतमा जमेको पानीमा डुबेर मृत्यु भएको प्रहरी निरीक्षक रमेश लामाले बताउनुभयो । मृतक चारै बालिकाको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जलेश्वरमा पठाइएको छ । घटनाबारे आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

# कंगना रनौतले गरेकी हुन् बिहे ?



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ८ जेठ**

बलिउड अभिनेत्री कंगना रनौत फेरि एक पटक सामाजिक सञ्जालमा छाएकी छिन् । हालै उनको एउटा भिडियो अनलाइनमा आएको छ, जसले सनसनी मच्चाएको छ ।

उक्त भाइरल क्लिपमा, कङ्गनाले मङ्गलसूत्र र हरियो चुरा लगाएको देखिन्छ, जसले उनको फ्यानहरूलाई चकित पारेको छ । सामाजिक सञ्जालमा अभिनेत्रीले गोप्य रूपमा विवाह गरेकी हुन् कि भनेर अड्कलबाजी चलिरहेको छ । भिडियोमा कंगना आफ्नो सुरक्षा कर्मचारीले घेरिएर एउटा घरबाट बाहिर निस्किरहेको र आफ्नो कारतिर जाँदै गरेको देखिएकी छिन् । साधारण खालको हलुका गुलाबी सलवार-सुटमा सजिएकी कंगना एकदमै प्यारी देखिएकी छिन् । भिडियोमा उनले मिडियासँग कुराकानी गरिनन् । तर क्यामेराको अगाडि पूर्ण रूपमा शान्त थिइन् । फ्यानहरूले उनको परम्परागत लुक र मङ्गलसूत्र देख्ने बित्तिकै सामाजिक सञ्जालमा अनेकौं अनुमान गरिरहेका छन् । घाँटीमा मङ्गलसूत्र देखेर अलमल्लमा छन् फ्यान: यो भिडियो सामाजिक सञ्जालमा देखा परेपछि उनका फ्यानहरूको बीचमा खैलाबैला भएको छ । भिडियोमा कमेन्टको वर्षा भइरहेको छ । कंगनाको लुक देखेर सबैजना छक्क परेका छन् । 'घाँटीमा मङ्गलसूत्र ? के उनले बिहे गरेकी हुन् ?' भनेर एक जना युजरले कमेन्ट गरेका छन् ।

अर्का युजरले भने यो कुनै फिल्म सुटिङको अंश हुनसक्ने बताएका छन् । अर्का एक जनाले चाहिँ कंगनाले जोसग बिहे गरिन् तीन व्यक्ति भाग्यमानी भएको भन्दै विवाहको शुभकामना दिएका छन् । कुनै फिल्मसँग जोडिएको हो त लुक ? यो लुक बाहिरिएसँगै केहीले अभिनेत्रीले गुपचुप बिहे गरेको दाबी गरिरहेका छन् । अरूले भने यो लुक आगामी फिल्मसँग जोडिएको हुनसक्ने ठानेका छन् ।

सामाजिक सञ्जालमा धेरै फ्यानहरूले कंगना उनको सुपर हिट फिल्म 'क्वीन २' को सिक्वेलको लागि छायाङ्कन गरिरहेको हुनसक्ने अनुमान गरेका छन् । क्विनको सिक्वेल 'क्विन फरएभर'को नाममा बनिरहेको छ । अहिलेसम्म कंगना वा उनको टिमबाट विवाहका यो हल्लाबारे कुनै आधिकारिक बयान आएको छैन । पछिल्लो समय रनौतले मुम्बईमा आफ्नो सुपर हिट फिल्मको सिक्वेल 'क्वीन २' को छायाङ्कन सुरु गरेको रिपोर्टहरू बाहिर आएका छन् । यो फिल्मसँगै कंगना बलियो पुनरागमन गर्न तयार छिन् । फ्यानहरू उनलाई फेरि एक पटक ठुलो पर्दामा 'रानी' को अवतारमा हेर्न उत्साहित छन् ।

# धनुषामा छात्रा फुटबल प्रतियोगिता, उद्घाटन खेलमा मावि ठाढी विजयी

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ८ जेठ**



धनुषाको विदेह नगरपालिका र जनकनन्दनी गाउँपालिकामा अन्तर मावि स्तरीय छात्रा फुटबल प्रतियोगिता-२०८३ शुक्रबारदेखि सुरु भएको छ । जापान सरकार र प्लान इन्टरनेशनल नेपालको सहयोग तथा विदेह नपा र जनकनन्दनी गापाको समन्वयमा आसमान नेपालले आयोजना गरेको छात्रा फुटबल प्रतियोगिताको उद्घाटन खेलमा मावि ठाढी विजयी भएको छ ।

उद्घाटन खेलको पहिलो हाफमा इटहर्वाले मौका बनाएपनि त्यो गोलमा परिणत हुन सकेको थिएन् । दोश्रो हाफमा ठाढीका खेलाडीहरुले गरेको प्रयास पनि असफल हुँदा खेलको निर्धारित समय गोलरहीत सकिएको थियो । पेनाल्टी शुटआउटमा तानिएको खेलमा मावि ठाढीका छात्राहरुले ३ का विरुद्ध चार गोल गर्दै खेल आफ्नो पक्षमा पारिन् ।

पेनाल्टी शुटआउटमा ०-२ ले पछाडि परेको ठाढीका खेलाडीहरुले अन्त्यतिर ४ गोल गर्दै शिवशंकर मावि इटहर्वालाई पराजित गरेको थियो । पेनाल्टी शुटआउटमा अग्रता लिएपनि इटहर्वाले अन्त्यसम्म त्यो लय कायम राख्न नसक्दा पराजयको सामना गर्नुपरेको थियो ।

ठाढीका लागि १, ५, ११ र १४ जर्सी नम्बरका खेलाडीहरुले पेनाल्टी शुटआउटमा गोल गर्न सफल भएकी थिइन् । जर्सी नम्बर १० का खेलाडीले शानदार सुरुवात गर्दै पहिलो शुटआउटमै इटहर्वालाई अग्रता दिलाएकी थिइन् । जर्सी नम्बर ७ का खेलाडीले अग्रतालाई दोब्बर पारे पनि अन्य खेलाडीहरुको प्रयास सफल हुन सकेन् ।

यसअघि प्लान इन्टरनेशनल नेपालका कार्यक्रम व्यवस्थापक रिया इटोको अध्यक्षतामा भएको उद्घाटन सत्रमा विदेह नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टोलराज उपाध्यायले खेलले शारिरिक रुपमा तन्दरुस्त बनाउनका साथै अनुशासित हुन समेत सहयोग पुर्‍याउने गरेको बताए । अनुशासित भई खेल खेल्नका लागि खेलाडीहरुमा आग्रह गर्दै हारजीतलाई खेलकै रुपमा ग्रहण गर्न उनले आग्रह गरे ।

उद्घाटन सत्रमा आसमान नेपालका कोषाध्यक्ष रेखा यादव, प्लान इन्टरनेशनल नेपालका मिहिर झा, रुबिना राउत, किसान राई, दिपक श्रेष्ठ, मावि इटहर्वाका प्रअ कृष्ण यादव, आसमान नेपालका कार्यक्रम व्यवस्थापक दिलिप यादव, परियोजना संयोजक संजय पासवान, लेखा प्रमुख निकेश मिश्र लगायतको उपस्थिति रहेको थियो । जेठ १५ गतेसम्म हुने प्रतियोगितामा विदेह नगरपालिकाको ४ र जनकनन्दनी गापाका तीन गरी सात वटा टोलीको सहभागिता रहेको छ । तेश्रो पटक आयोजना भइरहेको छात्रा फुटबल प्रतियोगिताको दोश्रो खेल शनिबार मावि गिद्धा बेलापट्टी र मावि दुहबी बीच हुने आसमान नेपालका संजय पासवानले बताए ।

# जनताबाट टाढिएको 'विकास'

-इतिहास साक्षी छ, जनतालाई नजोडिईकन, जनताको आवश्यकता पहिचान नगरीकन, जनतालाई सचेत नबनाईकन, समुदायलाई संगठित र सहभागी नगराईकन गरिने जुनसुकै विकास निर्माणको कार्य पनि फलदायी हुन सक्दैन । परिणाममुखी हुन सक्दैन । सरकारले सुकुमवासी बस्तीमा डोजर चलाएर जनताको आवश्यकता र सहभागितालाई बेवास्ता गर्दै भौतिक निर्माणमुखी विकासलाई प्राथमिकता दिएको छ । जनताको घरबास उजाडेर गरिने विकासले समुदायलाई झन् टाढा बनाउने खतरा रहन्छ र यस्तो विकासले स्थानीय अर्थतन्त्र तथा जनजीवनमा सकारात्मक परिवर्तन ल्याउन सक्दैन । विकासको नाममा जनताको आवश्यकता, सहभागिता र उन्नतिलाई बेवास्ता गर्दा राज्यको लगानी पनि निष्प्रभावी बन्ने जोखिम रहन्छ ।

रास्वपाको नेतृत्वमा सरकार बनेको महिना दिन पुग्दै गर्दा काठमाडौं उपत्यकाका बागमती, मनोहरा, विष्णुमती, रुद्रमतीलगायतका नदी किनारामा बसोबास गर्दै आएका सुकुमवासी बस्तीमा डोजर चलाउने काम गर्‍यो । केही घण्टाको मात्रै सूचना दिएर सरकारले बस्तीमा एकाएक डोजर चलाइदिँदा सबै अवाक् बने । प्रकोपजन्य शैलीमा जनताका घरटहरा भत्काउनमै उद्यत सरकारले क्षणभरमै नागरिकका बस्ती उजाडिदियो । लाग्दथ्यो, बस्ती रणमैदान हो र बस्तीका बासिन्दा अप्रत्याशित युद्धपीडित नागरिक, जो बास र गाँसको खोजीमा लामबद्ध भएर निस्किँदै छन् । यी दृश्यहरू हेर्दै गर्दा सामाजिक सञ्जालमा एकखाले संकथन पनि निर्माण हुँदै थियो, 'विकासका लागि विनाश आवश्यक हुन्छ' अर्थात् 'विनाशबाट नै विकासको सुरुवात हुन्छ ।' के विकासको सुरुवात विनाशबाट नै हुने हो त ? यो प्रश्नको विवेचना गर्नुपूर्व विकासका केही संकथन र अवधारणामाथि चर्चा गरौं । विकास एक बहुआयामिक अवधारणा हो । विकासको भौतिक विज्ञानसम्मत अवधारणा नियाल्ने हो भने यो एक उद्भवजन्य अवधारणा (इभोल्युसनरी कन्सेप्ट) हो, जसले निरन्तर वा नियमित परिवर्तन वा वृद्धिलाई बुझाउँछ । त्यस्तै समाज विज्ञानसम्मत अवधारणाअनुसार विकास एक सिर्जनशील अवधारणा (क्रिएटिभ कन्सेप्ट) हो, जसले केही नयाँ भौतिक वस्तु वा अभौतिक विचारको सिर्जना गर्छ ।

विकासलाई परिभाषित गर्ने सवालमा सन् १९७० को दशकमै विकास अर्थशास्त्री ई एफ सुमाखरले विकासलाई अभौतिक (इम्मेटेरियल) पक्षहरू जस्तै- शिक्षा, संस्था र अनुशासनमा देखिने गुणात्मक परिवर्तनका रूपमा परिभाषित गरेका थिए । त्यसैगरी नोबेल पुरस्कारद्वारा सम्मानित भारतीय मूलका अर्थशास्त्री अमर्त्य सेनले पनि विकासलाई मानवीय क्षमताको विकाससँग जोडेर व्याख्या गरेका छन् । उनले विकासलाई मानवीय स्वतन्त्रतासँग जोडेर हेरेका छन् । अतः हामीले कोरा अर्थमा बुझ्ने भौतिक परिवर्तन वा निर्माणमुखी प्रक्रियाले मात्रै विकासको अर्थबोध गर्न सक्दैन । संक्षेपमा विकासलाई सकारात्मक दिशातर्फको भौतिक, आर्थिक एवम् सामाजिक परिवर्तनका रूपमा बुझ्न सकिन्छ । विकासबारे हाम्रै मुलुकका विद्वान्हरूको शब्द सापटी लिँदा संरक्षणविद् डा. हर्क गुरुङको नाम अगाडि आउँछ, उनले विकासलाई 'सकारात्मक एवम् अपेक्षित दिशातर्फको परिवर्तन' का रूपमा अर्थ्याएका छन् । त्यस्तै विकासशास्त्री डा. देवेन्द्रराज पाण्डेले पनि विकासलाई राज्यको धन, व्यक्तिको सिर्जनशीलता, उद्यमशीलता र स्रोतको उपयोगको दक्षता अभिवृद्धि गर्ने मानवीय विकासका रूपमा ग्रहण गर्नुपर्ने तर्क गरेका छन् ।

विकास अर्थशास्त्रीहरूले पनि मानवीय ज्ञान, क्षमता र दक्षताको वृद्धि र प्रवर्द्धनलाई नै विकासको अवयवका रूपमा ग्रहण गरेका छन् । अनि विकास भनेको राजनीतिक प्रक्रिया पनि हो, जसले जनतालाई आर्थिक एवम् सामाजिक रूपान्तरणको सन्दर्भमा क्रियाशील ढंगले सहभागी गराउने गर्दछ । समाजशास्त्री चैतन्य मिश्रले पनि विकासलाई जनतालाई संगठित गर्ने र उनीहरूको सहभागिता सुनिश्चित गर्ने राजनीतिक प्रक्रियाका रूपमा अर्थ्याएका छन् । विकासको सवालमा अक्सर हामी बरालिएका छौं । विकासको मानकका रूपमा भौतिक निर्माणलाई नै लिने गरिएको छ । सहरबजारका फराकिला सडक, हवाई अड्डा, व्यापारिक कम्प्लेक्स, अग्ला भवन, सुन्दर बगैंचा र सुविधासम्पन्न आवास आदिलाई विकासको पर्याय



ठान्ने गरिएको छ । हामीले विगतदेखि नै विकासको संकथनका रूपमा त्यही भौतिक निर्माणलाई नै अंगीकार गर्‍यौं । त्यसैअनुरूप विकासलाई राज्यले दिने वस्तुका रूपमा बुझ्यौं । विगत सात दशकको विकास यात्रामा हामीले किन राजनीतिक परिवर्तनको लाभांश जनतासम्म पुर्‍याउन सकेनौं ? यो अवधिको पछिल्ला तीन दशकमा विकासका नाउँमा भौतिक परिवर्तन त भएको छ तर त्यसले उत्पादन र जनताको दैनिकीलाई नै प्रभावित पार्न भने सकेन । आखिर विकासलाई जनताको तहबाट सोच्न सकिएन । परियोजना छनोटको सन्दर्भमा पनि सर्वजन/बहुजन हितायको कथ्यलाई अंगीकार गरिएन । निश्चित रूपमा पछिल्लो समय बाटोघाटो, पुलपुलेसा, विमानस्थल, सरकारी भवन निर्माण, सहरबजार आदि पूर्वाधारजन्य क्षेत्रमा निकै ठूलो लगानी भएको छ र त्यसले देखिने गरी भौतिक पूर्वाधारको निर्माण पनि भएको देखिन्छ ।

जब राज्यले गर्ने भनिएको विकास अघि 'विनाश' आइदिन्छ, त्यसले समुदायलाई विकाससँग जोड्नेभन्दा पनि झन् टाढा र बेवारिसे बनाइदिने खतरा रहन्छ ।तर, त्यस्तो पूर्वाधारजन्य क्षेत्रको निर्माण गर्दा जनताको आवश्यकता र अर्थतन्त्रलाई चलायमान बनाउने क्षेत्रको पहिचान हुन सकेन । अर्थतन्त्रको उत्पादनमुखी क्षेत्र के हो ? भन्ने पक्षमा ध्यान नदिँदा हाम्रो पूर्वाधारको लगानीले प्रतिफल दिन सकेको छैन । यसो भन्दै गर्दा पूर्वाधारमा गरिएको लगानीले तत्कालै कसरी प्रतिफल दिन्छ ? भन्ने प्रश्न उत्पन्न हुन सक्छ । यसको एउटै उत्तर ती भौतिक सम्पदाको निर्माणमा जनताको आवश्यकता र प्राथमिकता नजोडिनु नै हाम्रो ठूलो दुःखान्त हो । किनकि हाम्रो विकास स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा अघि बढ्नै सकेन । केन्द्रमा रहेका ठूला दल र तिनका नेतृत्वले जे देख्छ र जे कल्पना गर्छ, त्यही नै विकासे सोच भइदियो । स्थानीय तवरमा पनि स्थानीय जनप्रतिनिधिहरूका लहडे सोच नै विकासे योजना बनिदिए । जब राज्यले गर्ने भनिएको विकास अघि 'विनाश' आइदिन्छ, त्यसले समुदायलाई विकाससँग जोड्नेभन्दा पनि झन् टाढा र बेवारिसे बनाइदिने खतरा रहन्छ । त्यसले विकासलाई राज्य र शासकीय मनोकांक्षाको विषय बनाइदिन्छ । त्यस्तो विकासमा जनता जोडिँदैनन् ।

अतः जनताको घरबास उजाडेर गरिने विकासलाई कसरी जनमुखी ठान्ने ? त्यस्तो विकासले कसरी समुदायको हित होला ? कसरी सामूहिक लाभ मिल्ला ? खासमा हाम्रो विकासले मान्छे चिनेन । दोस्रो विश्वयुद्धको समाप्तिसँगै विश्वव्यापी रूपमा निर्माण भएको 'विकास' को संकथनमा त्यतिबेला विश्व अर्थतन्त्रलाई गतिशील बनाउन र युद्धपछिको पुनर्निर्माणको कार्य गर्ने उद्देश्यका साथ स्थापना गरिएका मौद्रिक संस्थाहरू विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषमार्फत नै निर्माण भएको देखिन्छ । ब्रिटन उड सम्झौताअनुरूप विश्व बैंकले अल्पविकसित मुलुकहरूको आर्थिक पुनरुत्थान र सुधारका लागि वित्तीय तथा परामर्श सहयोग सुरु गर्न थाल्यो ।

त्यही अवधारणा अनुरूप नेपालमा पनि 'विकास' भित्रियो । त्यसरी आर्थिक सहायतासहित भित्रिएको 'विकास' को संकथन बेलगामा विस्तार भयो र विकास भनेकै हुनेले नहुनेलाई दिने वस्तुका रूपमा चित्रित हुन पुग्यो । जब विकासलाई सहायता वा एकले अर्कोलाई दिने वस्तु वा गरिदिने कामका रूपमा ग्रहण गरिन्छ भने त्यहाँ जनपरिचालनको सवाल गौण हुन्छ । लामो समयसम्म नेपालको विकासमा समुदायको सक्रियता र संगठित सहभागिता हुन सकेन । परिणामस्वरूप अहिलेसम्मको विकासले न त व्यापक मात्रामा रोजगारी सिर्जना गरी स्थानीय जनतालाई समेट्न सक्यो, न त यसले स्थानीय अर्थतन्त्रलाई नै मूलधारमा जोड्न सक्यो । खासमा जनतालाई भौतिक पूर्वाधारजन्य सडक, विमानस्थल, रेल, पानीजहाज, भ्युटावर जस्ता संरचनामुखी विकास होइन, जनताको दैनिकी जोड्दै उनीहरूलाई समृद्धि र प्रगतितर्फ अग्रसर गर्ने 'उन्नति' चाहिएको छ । उन्नतिबेगरको विकासले जनतालाई छुँदैन । त्यसैले अब विकासको डाइनामिक्स पनि बदल्नुपर्ने भएको छ ।

दुर्भाग्य यो भइदियो कि शक्तिशाली जनमत पाएको सरकारले पनि 'विकास' का लागि तिनै जनताको घरबास उजाडिदिने काम गर्दै छ । फेरि पनि भौतिक निर्माणमुखी कार्यलाई नै समग्र विकासको स्वरूप ठानिँदै छ ।

त्यही कथित विकासकै लागि 'विनाश' का माध्यमबाट सपना बुनिँदै छ । इतिहास साक्षी छ, जनतालाई नजोडिईकन, जनताको आवश्यकता पहिचान नगरीकन, जनतालाई सचेत नबनाईकन, समुदायलाई संगठित र सहभागी नगराईकन गरिने जुनसुकै विकास निर्माणको कार्य पनि फलदायी हुन सक्दैन । परिणाममुखी हुन सक्दैन । राज्यले गर्ने हरेक लगानीमा जनताको अपनत्व स्थापित हुनै पर्छ । यदि त्यसो हुन सकेन भने राज्यको लगानी, बालुवामा पानी सावित हुनेछ । र, जनता खेदेर गरिने जुनसुकै विकासको सपना पनि उही मृगमरीचिकामै सीमित हुनेछ ।

**साभार : कान्तिपुर ।**





"पत्र-पत्रिकाहरुको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday